**आकाशवाणी समाचार- नेपाली**

**मितिः १७ जून २०२६**

**समयः ०७:२५ - ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१.प्रधानमंत्री नरेन्द्र मोदीले फ्रांसमा हिज जी-7 शिखर सम्मेलनमा एक सत्रलाई संबोधित गर्नुहुदै अंतरराष्ट्रीय साझेदारीमा **विश्वास** को महत्वमाथि ज़ोर दिनु भएको छ।

२.जी-7 शिखर सम्मेलनको क्रममा , प्रधानमंत्री नरेंद्र मोदीले आज अमरीकाका राष्ट्रपति डोनाल्ड ट्रंपको साथ बैठक गर्नुहुनेछ।

३.यमुना नदीको पुनरुत्थानका लागि किशाउ बाँध परियोजनामा छवटा राज्यबीच सहमति भएको छ।।

**४.आगामी NEET परीक्षालाई ध्यानमा राख्दै राष्ट्रिय परीक्षण एजेन्सी (NTA) ले विद्यार्थी र अभिभावकहरूलाई ठगी गर्नेहरूबाट सावधान रहन आग्रह गरेको छ।**

**५.श्रीलंकामा त्रिकोणात्मक एकदिवसीय क्रिकेट शृंखलामा आज भारत ए ले अफगानिस्तान ए को सामना गर्नेछ। खेल बिहान १०:०० बजे सुरु हुनेछ।**

**मुख्य समाचार बिहान ७.२५ बजे ,दिनांक १७ /०६/२६.**

**प्रधानमन्त्री-आउटरिच सम्मेलन**

**प्रधानमन्त्री नरेन्द्र मोदीले हिज फ्रान्समा भएको G-7 शिखर सम्मेलनमा एक सत्रलाई सम्बोधन गर्नुभयो। विषय थियो नयाँ साझेदारी निर्माण र अन्तर्राष्ट्रिय एकता। विदेश मन्त्रालयले रिपोर्ट गरे अनुशार सत्रको क्रममा प्रधानमन्त्रीले अन्तर्राष्ट्रिय साझेदारीमा विश्वासको महत्त्वमा जोड दिनु भयो । वहाँले भन्नुभयो भारतले सधैंव मानवतालाई प्राथमिकता दिएको छ, जुन अन्तर्राष्ट्रिय सौर्य गठबन्धन, विपद् प्रतिरोधी पूर्वाधारको लागि गठबन्धन, ग्लोबल बायोफ्युएल गठबन्धन, मिसन लाइफ, र मातृत्वको लागि एक रूख अभियान सहित भारतको नेतृत्वमा गरिएका पहलहरूमा प्रतिबिम्बित हुन्छ। वहाँले यो पनि भन्नुभयो भारतले शताब्दीयौंदेखि "वसुधैव कुटुम्बकम" को दर्शनलाई पालना गर्दै आएको छ, जसले गर्दा प्राकृतिक प्रकोपको समयमा पहिलो प्रतिक्रियाकर्ता बनेको छ। श्री मोदीले श्रीलंकामा चक्रवात, अफगानिस्तानमा भूकम्प, मोजाम्बिकमा बाढी र जमैकामा आँधीबेहरीको समयमा भारतको सहयोगको बारेमा छलफल गर्नुभयो।**

**श्री मोदीले भन्नुभयो कि "सर्वजन हिताय, सर्वजन सुखाय" को मन्त्र वित्तीय समावेशीकरण, स्वास्थ्य सुरक्षा, डिजिटल पहिचान, प्रविधि मार्फत जनताको सशक्तिकरण र महिला नेतृत्वमा विकासलाई प्रवर्द्धन गर्न धेरै प्रभावकारी भएको छ।**

**प्रधानमन्त्रीले अझ भन्नुभयो अन्तर्राष्ट्रिय साझेदारी "दिने र लिने" सिद्धान्तमा नभई एकता र समतामूलक साझेदारीको भावनामा आधारित हुनुपर्छ। वहाँले भन्नुभयो अन्तर्राष्ट्रिय कानूनको सम्मानको कमी अन्तर्राष्ट्रिय एकताको लागि सबैभन्दा ठूलो बाधा हो। श्री मोदीले स्पष्ट रूपमा भन्नुभयो अन्तर्राष्ट्रिय साझेदारी शान्ति र स्थिरताबाट आउनेछ, जसको लागि संवाद र कूटनीतिक प्रयासहरू आवश्यक पर्दछ**

**नया प्रधानमंत्री द्विपक्षीय बैठकहरु**

फ्रांसको एवियांमा जी-7 शिखर सम्मेलनको अवधि प्रधानमंत्री नरेंद्र मोदीले कयौ देशहरुका नेताहरुको साथ द्विपक्षीय

बैठकहरु गर्नुभयो। उहाँले कनाडाका प्रधानमंत्री **मार्क कार्नी**, ब्रिटेनका प्रधानमंत्री **कीर स्टार्मर** र संयुक्त अरब अमीरात का राष्ट्रपति **शेख मोहम्मद बिन जायद अल नाहयान** संग भेट गरि व्यापार, निवेश, ऊर्जा, रक्षा र प्रौद्योगिकी समेत विभिन्न क्षेत्रहरुमा सहयोग बढ़ाउन माथि चर्चा गर्नुभयो।

प्रधानमंत्री मोदीले केन्याका राष्ट्रपति **विलियम रूटो**, मिस्रका राष्ट्रपति **अब्देल फतह अल-सीसी**, जापान की प्रधानमंत्री **सानाए ताकाइची** र दक्षिण कोरियाका राष्ट्रपति **ली जे-म्युंग** संग पनि भेट गर्नुभयो।उहाँले यी देशहरुका साथ संबंधहरुलाई अझ बलियो बनाउन तथा विभिन्न क्षेत्रहरुमा सहयोग बढ़ाउने प्रतिबद्धता दोहराउनु भयो।

**प्रधानमंत्री-ट्रंप मुलाकात**

जी-7 शिखर सम्मेलनको क्रममा , प्रधानमंत्री नरेंद्र मोदीले आज अमरीकाका राष्ट्रपति डोनाल्ड ट्रंपको साथ बैठक गर्नुहुनेछ ।यस बैठकमा सबैको नज़र रहेको छ। भारत जी-7 शिखर सम्मेलनमा सहयोगी देशको रुपमा शामेल रहेको छ।

श्री मोदी र श्री ट्रंपबीच पछिल्लो बैठक गत बर्षको फरवरीमा अमरीकामा भएको थियो। आजको भेटमा, दुवै पक्षहरुको बीच कयौ क्षेत्रहरुमा आपसी सहयोगलाई बलियो गर्न तथा आपसी हितको क्षेत्रीय र वैश्विक मुद्दाहरुमा पनि व्यापक चर्चा हुने संभावना रहेको छ।

**कट-अंकित कुमार**

प्रधानमंत्री मोदी आज जी-7 को एक अन्य सत्रमा पनि सहभागी हुनुहुनेछ। यसको विषय – **सबैको लाभको लागि संतुलित, समावेशी र टिकाऊ आर्थिक विकासको पुनः आरम्भ रहेको छ**। प्रधानमंत्रीले यूरोपीय संघ परिषदका अध्यक्ष एंटोनियो कोस्टा र यूरोपियन कमीशन की अध्यक्ष फॉन डेर लेयेनको साथ त्रिपक्षीय बैठक गर्नुहुनेछ। उहाँले जर्मन चांसलर फ्रेडरिक मर्ज़को साथ पनि बैठक गर्नुहुनेछ।

**G-7 निर्णय**

**G-7 देशहरूले भारतलगायत धेरै देशहरूसँग विश्वभरी स्वास्थ्य र विकास सहयोग सुदृढ गर्न पहल गर्नेछन्। अफ्रिकी देश कङ्गो र युगान्डामा पुनः फैलिरहेको इबोला प्रकोपसँग जुध्न संयुक्त कदम चाल्न G-7 नेताहरूले अपील गरेका छन्। भारत, इजिप्ट, केन्या र दक्षिण कोरियाले पनि यसलाई समर्थन गरेका छन्, जसमा संक्रमित ट्रेसिङ, सीमा निगरानी र समुदायको सहयोग लिने समावेश छ। सबै सदस्यहरूले इबोलाको खोप, परीक्षण र उपचारको विकासमा सहयोग गर्ने वाचा गरेको छ। G-7 ले क्यान्सरको उपचार खोज्ने आफ्नो प्रतिबद्धतालाई दोहोर्‍याएको छ। G-7 देशहरूले कमजोर देशहरूलाई मद्दत गर्न र बलियो आर्थिक वृद्धि हासिल गर्न विकास र लगानी वित्तमा अन्तर्राष्ट्रिय सहयोगको लागि आफ्नो प्रतिबद्धता दोहोर्याएको छ।**

**अमित शाह-दिल्ली झुग्गी बस्ती**

केन्द्रीय गृहमन्त्री अमित शाहले हिज नयाँ दिल्लीमा झुग्गी- बस्तीहरूको पुनर्वासको समीक्षा बैठक गर्नुभयो। उहाँले भन्नु भयो कि दिल्ली स्लम र जे-जे क्लस्टर पुनर्वास र पुनर्वास नीति-2026 लाई अन्तिम रूप दिइसकेको छ र चाँडै अधिसूचित गरिनेछ।श्री शाहले पाँच जे-जे क्लस्टरहरूको पुनर्स्थापनाको लागि 45 दिनभित्र टेन्डर जारी गर्न अधिकारीहरूलाई निर्देशन दिनुभयो। उहाँले भन्नु भयो कि पुनर्वास कालोनीहरूमा आंगनवाड़ी केन्द्रहरू, विद्यालयहरू, स्वास्थ्य केन्द्रहरू र खेल मैदानहरू जस्ता सुविधाहरू उपलब्ध गराउनु पर्नेछ। गृहमन्त्रीले भन्नु भयो कि यी निर्णयहरूले दिल्लीको झुग्गी बस्तीमा बस्ने लगभग चार लाख परिवारहरूलाई लाभ पुर् याउनेछ।

**गृह मंत्री-किशाउ परियोजना**

यमुना नदीको पुनरुत्थानका लागि किशाउ बाँध परियोजनामा छवटा राज्यबीच सहमति भएको छ।। यीनमा हिमाचल प्रदेश, दिल्ली, उत्तरप्रदेश, उत्तराखंड, हरियाणा र राजस्थान शामेल रहेको छ ।गृहमन्त्री अमित शाहको अध्यक्षतामा हिजो नयाँ दिल्लीमा भएको बैठकमा यस्तो सहमति भएको हो। गृह मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै सबै छ राज्यबीच समझदारीपत्रमा हस्ताक्षर भएपछि किशाउ परियोजनामा मन्त्रिपरिषद्को स्वीकृति लिइने जनाएको छ। सहमतिअनुसार, परियोजनाको 90 प्रतिशत

राशि केंद्र सरकारले दिनेछ। बाकी 10 प्रतिशत राशि छह राज्यले मिलेर वहन गर्नेछ। यस कुरा मा पनि सहमति बनेको छ कि हिमाचल प्रदेशलाई प्राप्त पानी दिल्ली र राजस्थानको साथ साझा गरिनेछ।
गृह मंत्रालयका अनुसार, यो फैसला यमुनालाई स्वच्छ गर्नमा एक महत्वपूर्ण कदम हो।

**NTA-DG-NEET**

**आगामी NEET परीक्षालाई ध्यानमा राख्दै राष्ट्रिय परीक्षण एजेन्सी (NTA) ले विद्यार्थी र अभिभावकहरूलाई ठगी गर्नेहरूबाट सावधान रहन आग्रह गरेको छ। एजेन्सीले सामाजिक सञ्जाल पोस्टमा भनेको छ कि ठगी गर्नेहरूले २१ तारिखमा हुने परीक्षाको प्रश्नपत्र साझा गरेबापत टेलिग्राममा च्यानलहरू सञ्चालन गरिरहेका छन्। एजेन्सीले कुनै पनि पुनर्परीक्षा प्रश्नपत्र लीक नभएको स्पष्ट पारेको छ। NTA ले महानिर्देशक अभिषेक सिंहको भिडियो पनि जारी गरेको छ जसमा वहाँले देशमा टेलिग्राम एप किन अस्थायी रूपमा निलम्बन गरिएको छ भनेर व्याख्या गर्नु भएको छ।**

**(बाइट)**

**श्री सिंहले मिडियालाई भन्नुभयो NTA एक दुर्व्यवहारमुक्त परीक्षा प्रक्रिया सुनिश्चित गर्न प्रतिबद्ध छ र सबै प्रश्नपत्रहरू सुरक्षित राखिएको छ।**

**पश्चिम बंगाल - पूर्वी सीमांत राइफल्स पुनरुद्धार**

पश्चिम बङ्गालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले ऐतिहासिक ईस्टर्न फ्रन्टियर राइफल्स (ईएफआर) लाई चाँडै पुनर्जीवित गरिने र एक हजारभन्दा बढी गोर्खा युवाहरूलाई सेनामा सामेल गरिने घोषणा गर्नुभएको छ। नवनिर्वाचित मुख्यमन्त्रीलाई भव्य स्वागत गर्न हिज दार्जीलिङ जिल्लाको खरसांगमा एक जनसभालाई सम्बोधन गर्दै उहाँले राष्ट्रको रक्षाका लागि गोर्खा सैनिकहरूको वीरता र बलिदानप्रति श्रद्धाञ्जलि व्यक्त गर्नुभयो।
श्री अधिकारीले घोषणा गर्नुभयो कि राज्य पुलिस फोर्समा चाँडै भर्ती खोलिनेछ, जसले ठूलो संख्यामा गोर्खा युवाहरूको लागि रोजगारीको अवसर सिर्जना गर्नेछ। उहाँले भन्नु भयो कि राज्य भर्तीमा कम्तिमा 30 प्रतिशत सीटहरू महिलाहरूको लागि आरक्षित हुनेछन्।

**तेलङ्गानाका मुख्यमन्त्री - मेट्रो चरण २**

**तेलङ्गानाका मुख्यमन्त्री ए. रेवन्त रेड्डीले केन्द्रीय मन्त्री जी. किशन रेड्डीलाई पत्र लेखेर हैदराबाद मेट्रो चरण २ परियोजनाको छिटो स्वीकृतिको माग गर्नु भएको छ। वहाँले केन्द्र सरकारलाई परियोजनाको लागि आवश्यक स्वीकृति र ऋण कोष जारी गर्न आग्रह गर्नु भयो। मुख्यमन्त्रीले राज्य सरकारले सबै आवश्यक सर्तहरू पूरा गरेको बताउनु भयो।श्री रेड्डीले पत्रमा यो पनि उल्लेह गर्नु भएको छ यदि स्वीकृतिमा थप ढिलाइ भयो भने, राज्य सरकार आफ्नै स्रोत र संस्थागत ऋण मार्फत परियोजना अगाडि बढाउन तयार छ।**

**त्रि-ए शृंखला - भारत विरुद्ध अफगानिस्तान**

**श्रीलंकामा त्रिकोणात्मक एकदिवसीय क्रिकेट शृंखलामा आज भारत ए ले अफगानिस्तान ए को सामना गर्नेछ। खेल बिहान १०:०० बजे सुरु हुनेछ।**
**तिलक वर्माको नेतृत्वमा रहेको भारतीय टोलीले शृंखलामा अहिलेसम्म एउटा मात्र खेल जितेको छ।**

**मुख्य समाचार        बिहान ७.२५ बजे ,दिनांक १७ /०६/२६.**

१.प्रधानमंत्री नरेन्द्र मोदीले  फ्रांसमा हिज जी-7 शिखर सम्मेलनमा  एक सत्रलाई संबोधित गर्नुहुदै अंतरराष्ट्रीय साझेदारीमा **विश्वास** को  महत्वमाथि  ज़ोर दिनु भएको छ।

२.जी-7 शिखर सम्मेलनको  क्रममा , प्रधानमंत्री नरेंद्र मोदीले  आज अमरीकाका  राष्ट्रपति डोनाल्ड ट्रंपको  साथ बैठक गर्नुहुनेछ।

३.यमुना नदीको पुनरुत्थानका लागि किशाउ बाँध परियोजनामा छवटा राज्यबीच सहमति भएको छ।।

**४.आगामी NEET परीक्षालाई ध्यानमा राख्दै राष्ट्रिय परीक्षण एजेन्सी (NTA) ले विद्यार्थी र अभिभावकहरूलाई ठगी गर्नेहरूबाट सावधान रहन आग्रह गरेको छ।**

**५.श्रीलंकामा त्रिकोणात्मक एकदिवसीय क्रिकेट शृंखलामा आज भारत ए ले अफगानिस्तान ए को सामना गर्नेछ। खेल बिहान १०:०० बजे सुरु हुनेछ।**